**निर्णय नं. १**

सुकुम्बासी तथा अव्यवस्थित बसोबास सम्बन्धमा छलफल गर्दा यस चौतारा साँगाचोकगढी नगरपालिका अन्तर्गतका १४ वटै वडामा रहेका सुकुम्बासीहरु तथा अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्नका लागि वडा स्तरीय समितिको बैठक संचालन गर्ने सम्बन्धित वडा कार्यालयबाटै वडाबासीहरुमा जानकारी गराउने र सो सम्बन्धी निवेदन संकलन गर्न यस नगरपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक वर्ष ०७८/७९ को स्थानीय तह संस्थागत क्षमता स्वःमुल्याङ्कन (LISA ) मा अनलाईन सफ्टवेयर मार्फत् प्राप्त देहाय बमोजिमको शिर्षगत प्रारम्भिक नतिजा प्राप्त भएकोमा सोही अनुसार प्राप्त नतिजालाई यस बैठकबाट अनुमोदन गर्ने निर्णय **गरियो** ।

पूर्णाङ्क **:** १००%

समग्र स्थिति **:** ८४.५२%

प्रकृयागत स्थिति : ६४.७१%

परिमाणात्मक स्थिति : **८६.६७**%

कुल प्राप्ताङ्क **(**औषत) : ७८.७५%

**निर्णय नं. ३**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको सम्पूर्ण वडा भित्र रहेका वन क्षेत्र अन्तर्गत पर्ने काठ दाउरा व्यवस्थापन गर्ने सम्बन्धमा थप छलफल गरी उचित व्यवस्थापनका लागि आवश्यक थप अध्ययन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको अन्य योजनाहरू, गुम्बा, मन्दिर तथा भौतिक निर्माण विकासका लागि सिफारिस गर्ने सम्बन्धमा सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आए बमोजिम आवश्यकताको आधारमा सम्बन्धित निकायलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस चौतारा साँगाचोकगढी नगरपालिका स्तरका आफ्ना योजना लागायत नगरपालिका भन्दा बाहिर पनि नीजि तथा सार्वजनिक काममा प्रयोग गर्ने गरी सडक लगायत घर घडेरी खार्ने सम्मयाउने, खेलकुद मैदान बनाउने, नगरपालिका क्षेत्रभित्र कुनै पनि समयमा आई पर्ने पहिरो जस्ता विपद्को समयमा उक्त समस्या हल गर्ने, नगरपालिका क्षेत्रमा रहेका कच्ची तथा पक्की मोटरबाटोहरू निर्माण तथा बिग्रिएको अवस्थामा मर्मत संभार गर्न लोडर आवश्यक देखिएकोले नगरपालिकाले ब्याक हो लोडर खरिद गरे पश्चात् उक्त लोडर संचालन गर्न " ब्याक हो लोडर **संचालन** कार्यविधि, २०७९ " स्वीकृत गर्ने निर्णय गरियो । साथै यस नगरपालिकाको मेलमिलाप सम्बन्धी कार्यविधि, २०७९ निर्माण गर्नुपर्ने देखिएको र सो सम्बन्धमा उक्त कार्यविधि स्वीकृत गर्नका लागि थप आवश्यक अध्ययन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको कृषि विकास शाखामा कृषि अधिकृत (छैटौं ) पद पदपूर्ति गर्नका लागि समिति गठन भई उक्त समितिले म्याद भित्र दरखास्त फाराम पेश गर्ने उम्मेदवारहरूको विभिन्न मिति र समयमा लिखित र अन्तर्वार्ता परीक्षा लिई उक्त परीक्षाको कूल प्राप्ताङ्कको आधारमा योग्यता क्रमानुसार सिफारिस भई आएको सफल उम्मेदवारलाई मिति २०७९/१०/२० देखि लागू हुने गरी क़रार सम्झौता, नियुक्ति गरी सम्बन्धित शाखामा कामकाज लगाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण लेखापरीक्षण (Gender Equality and Social Inclusion audit) सम्बन्धमा छलफल गर्दा उक्त कार्यका लागि आवश्यक बजेट व्यवस्थापन गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

नगरपालिका क्षेत्र भित्र रहेका बनजंगल अन्तर्गतका काठ दाउराहरू निकासी गर्दा नगरपालिकामा राजश्व रकम अनिवार्य तिर्नुपर्ने र उक्त रसिदको आधारमा मात्र जिल्ला वन कार्यालय सिन्धुपाल्चोकबाट अनुमति प्रदान गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस चौतारा साँगाचोकगढी नगरपालिकामा देहाय बमोजिम नगर शिक्षा समितिमा पदाधिकारीहरु मनोनित गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| माध्यमिक तहको प्रधानाध्यापकबाट | श्याम कुमार सापकोटा |
| विद्यालय व्यवस्थापन समितिबाट | श्यामकृष्ण श्रेष्ठ |
| महिला शिक्षकबाट | विन्दु सापकोटा |
| महिला कार्यपालिका सदस्यबाट | खेल कुमारी कार्की (भण्डारी) |
| दलित कार्यपालिका सदस्यबाट | रोजिना घतानी |
| शिक्षा प्रेमी | दधिराम पराजुली |
| शिक्षा प्रेमी | मिना नेपाल |

**निर्णय नं. १०**

यस चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ३ र ४ को बीचमा पर्ने कुविण्डे खहरे खोला दोभानमा कुविण्डे खहरे खोला दोभान झोलुङ्गे पुल, वडा नं. २ स्थित धार्के खोला झोलुङ्गे पुल र वडा नं. ७ र १३ मा पर्ने मार्से खोला कुखुरे झोलुङ्गे पुल निर्माण गर्नका लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भइ आए बमोजिम आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

यस चौतारा साँगाचोकगढी नगरपालिका अन्तर्गतका वडा कार्यालय, सडक तथा खानेपानी लगायतका भौतिक पूर्वाधारका कार्यलाइ अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस नगरपालिको अन्तर्गतका वडाहरू मध्ये दहत्तर बहत्तर प्रभावित वडाहरूको रूपमा देहाय बमोजिमको वडाहरूलाई वर्गीकरण गरी गत आर्थिक वर्षबाट प्रभावित वडाहरूलाई वडा समितिले निर्णय गरेका योजनाहरूको लागि देहाय बमोजिम बजेट उपलब्ध गराईको छ । सोही अनुसार चालु आर्थिक वर्ष २०७९/०८० मा समेत प्रभावित वडाहरूको लागि स्वीकृत रकम रू. ७५,००,०००।- ( पचहत्तर लाख) मध्येबाट गत वर्षकै अनुपातमा बजेट उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

| वडा नं. | स्वीकृत रकम रू. | कैफियत |
|---|---|---|
| ९ | ११,६२,५०० (एघार लाख बैसठ्ठी हजार पाँच सय मात्र) | |
| १० | ११,६२,५०० (एघार लाख बैसठ्ठी हजार पाँच सय मात्र) | |
| ११ | २८,५०,००० (अठ्ठाईस लाख पचास हजार मात्र) | |
| १२ | ११,६२,५०० (एघार लाख बैसठ्ठी हजार पाँच सय मात्र) | |
| १४ | ११,६२,५०० (एघार लाख बैसठ्ठी हजार पाँच सय मात्र) | |

**निर्णय नं. १३**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको चालू आर्थिक वर्ष २०७९/०८० को वार्षिक नगर विकास योजनामा स्वीकृत कार्यक्रम अन्तर्गत नगर गौरवको आयोजना शिर्षकको बजेटबाट देहाय बमोजिमका योजनाहरू संचालन गरी सम्पन्न गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | सित भण्डार (नगरपालिकाको नगर गौरवको योजन शिर्षकबाट रू. २ करोड र संघ शसर्त अनुदान तफको रू. ५० लाख) | वडा नं. ४ | |
| २. | स्वास्थ्य चौकी घेराबार | वडा नं. २ | |
| ३. | ४ नं. वडा कार्यालय माथिको स्वास्थ्य सेवा केन्द्र | वडा नं. ४ | |
| ४. | साँगाचोक भन्ज्याङ देखि गढी जाने बाटो ढलान | वडा नं. १२ | |
| ५. | इर्खुको सिंचाई ट्याङ्की निर्माण | वडा नं. ८ | |
| ६. | ठाँटी चोकबाट स्वास्थ्य चौकी जाने बाटो ढलान | वडा नं. १४ | |

**निर्णय नं. १४**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक स्वीकृत योजना तथा कार्यक्रम मध्ये विभिन्न मितिमा नगर प्रमुखबाट तोक आदेश भएका देहाय बमोजिमका योजनाहरू अनुमोदन गर्ने र उक्त योजनाहरू आगामी नगर सभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम/वडा नं. | बजेट रू. | बजेट शिर्षक |
|---|---|---|---|
| १. | ज्ञानमन्दिर नमुना मा.वि. मा खानेपानी सुद्धीकरण, वडा नं. ७ | २ लाख | खानेपानी |
| २. | नयाँ सडक खन्ने र ग्रावेल, वडा नं. ७ | ३ लाख | पूर्वाधार |
| ३. | वोजिनी नमुना एकीकृत, वडा नं. १३ | २५ लाख | प्रदेश शशर्त |
| ४. | तिप्लिङ खोला सडक मर्मत, वडा नं. ४ | ६ लाख | पूर्वाधार |
| ५. | मार्सेखोला खेत तारजाली, वडा नं. १३ | १ लाख ९१ हजार | पूर्वाधार |
| ६. | भिमटार गोरेटोवाटो उ.स., वडा नं. ११ | १५ लाख | पूर्वाधार |
| ७. | खाले माफीगाउँ खानेपानी उ.स., वडा नं. २ | ३ लाख ७८ हजार १७९ रूपैंया ४ पैसा | खानेपानी |
| ८. | भाग्यश्वर महादेव मन्दिर, वडा नं. ४ | १ लाख | मठमन्दिर |
| ९. | स्याउले वडा स्तरीय खानेपानी, वडा नं. १ | ५ लाख | खानेपानी |
| १०. | स्याङ्वाटोल सडक ढलान, वडा नं. ५ | १० लाख | पूर्वाधार |
| ११. | लप्से खेत सिंचाई पोखरी, वडा नं. १२ | ३ लाख | सिंचाई |
| १२. | भन्ज्याङ तामाङ गुठीघर, वडा नं. १२ | २ लाख | मागमा आधारित |
| १३. | नयाँ गाउँ महिला भवन निर्माण, वडा नं. १२ | ५ लाख | मेयर पूर्वाधार |
| १४. | एकघर एक खानेपानी धारा, वडा नं. ९ | ५ लाख | मेयर पूर्वाधार |

| क्र.सं. | योजनाको नाम/वडा नं. | बजेट रू. | बजेट शिर्षक |
|---|---|---|---|
| १५. | राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रम, वडा नं. १२ | २ लाख | मागमा आधारित |
| १६. | खाल्डे टारीखेत सिचाई पोखरी, वडा नं. १२ | ६ लाख | मागमा आधारित |
| १७. | पहरी टोल सामुदायिक भवन, वडा नं. ९ | ८ लाख | मेयर पूर्वाधार |
| १८. | फुलबारी सामुदायिक भवन, वडा नं. १३ | ३ लाख | मेयर पूर्वाधार |
| १९. | निमटे खेत सिंचाई कुलो मर्मत, वडा नं. ३, | ३ लाख | सिंचाई |
| २०. | सिन्धु कला मन्दिर, वडा नं. ५ | २५ लाख | प्रदेश शशर्त |
| २१. | वडा नं. १ मा मुलाबारी लेखडाँडा जोड्ने सिढी निर्माण | १ लाख ५० हजार | पूर्वाधार |
| २२. | वडा नं. ९ मा वडा भरीको बाटो सरसफाई | ५ लाख | विविध |
| २३. | पाखाटोल देवीथान मन्दिर निर्माण, वडा नं. ६ | २ लाख | मठमन्दिर, गुम्बा |
| २४. | चागुले गणेश मन्दिर सडक मर्मत, वडा नं. ४ | ७ लाख | पूर्वाधार |
| २५. | छेकाथोकमा प्लम ढलान र नगरपालिका परिषरमा मर्मत कार्य, वडा नं. ५ | ८ लाख २२ हजार ७२९ रूपैँया | विविध |
| २६. | वडा नं. ९ मा पाइप र प्लाष्टिक खरिद | १ लाख ३४ हजार ४८१ रूपैँया | विविध |
| २७. | वडा नं. ४ मा वषार्त् पछिको सडक सरसफाई | ६ लाख | पूर्वाधार |
| २८. | कृष्ण जात्रा कार्यक्रम, चतुरे गणेश जात्रा र सम्पदा गुठी कार्यक्रम, | ५ लाख | मठमन्दिर, गुम्बा |
| २९. | सिरानचौर खानेपानी पाइप खरिद | २ लाख ६५ हजार | खानेपानी |
| ३०. | वडा नं. ९ मा लप्से कृषि सहकारी संस्थाद्वारा भाडाकुटी सामान खरिद | ४० हजार | विविध |

| क्र.सं. | योजनाको नाम/वडा नं. | बजेट रू. | बजेट शिर्षक |
|---|---|---|---|
| ३१. | वडा नं.२ मा जुगल युवा समुहद्वारा भलिवल प्रतियोगिता कार्यक्रम | ६० हजार | विविध |
| ३२. | वडा नं. ४ मा मंगला देवि युवा परिवारद्वारा सामान खरिद | २ लाख | मागमा आधारित |
| ३३. | वडा नं. ५ मा सिन्धु नेवा खलद्वारा आन्तरिक पर्यटन प्रवर्द्धन कार्यक्रम, | ५० हजार | पर्व जात्रा |
| ३४. | वडा नं. ५ मा सिन्धु नेवा खलद्वारा न्हुँ द पर्व संचालन | २ लाख | पर्व जात्रा |
| ३५. | वडा नं. ५ मा स्याङवाटोल पहिरो नियन्त्रण वाल निर्माण | १ लाख | पूर्वाधार |
| ३६. | प्रमुख क्वाटर घर अगाडीको कम्पाउण्ड गेट र ढलान मर्मत | ५ लाख ५८ हजार ७५२ रूपैंया | विविध |
| ३७. | डाँडावारी देखि दक्षिणकाली मन्दिर बाटो निर्माण कार्य | ८ लाख | मेयर पूर्वाधार |
| ३८. | वडा नं. ४ मा गोल्मा टोल सिँडी निर्माण | ७ लाख | विविध |
| ३९. | वडा नं. ३ मा भुवागाँउ छुर्तेनमा मञ्जुश्री सम्वत् २८५९ औं ३९ सोनाम ल्होसारको अवसरमा शुभकामना आदानप्रदान पुजापाठ कार्यक्रम तथा सांस्कृतिक कार्यक्रम | ३० लाख | पर्व जात्रा |
| ४०. | वडा नं. ६ मा पर्यटकीय क्षेत्र भुत छाँगा जाने बाटो स्तरोन्नती तथा निर्माण | ५ लाख | पूर्वाधार |
| ४१. | वडा नं. १ मा धासिया देखि छापाली जोड्ने सिढी निर्माण | २ लाख | पूर्वाधार |
| ४२. | वडा नं ५ काठे गैरीगाउँ सिरान टोलमा श्री कुल भिमसेन मन्दिर निर्माण | ४ लाख | विविध |
| ४३. | वडा नं. १ मा स्याउले देखि यार्सा जोड्ने सिंढी निर्माण | १ लाख ५० हजार | पूर्वाधार |